# प्रदेश राजपत्र

## प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७६ साल (अतिरिक्ताङ्क १३**


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ११

## <u>प्रदेश नं. ५ संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>**प्रस्तावनाः**</u> शैक्षिक, बौद्धिक, बैज्ञानिक, सामाजिक-साँस्कृतिक, धार्मिक, साहित्यिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

## <u>परिच्छेद - १</u>

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम, विस्तार र प्रारम्भः**</u> (१) यस ऐनको नाम "प्रदेश नं. ५, संघ संस्था दर्ता ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्य समिति" भन्नाले संस्थाको कार्य समितिलाई सम्झनुपर्छ। सो विधान दर्ताका बखतको तदर्थ कार्य समिति समेतलाई जनाउँछ ।

(ख) "संचालक समिति" भन्नाले संस्थाको संचालक समिति सम्झनुपर्छ।

(ग) "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, बौद्धिक, अनुसन्धानमूलक, शारीरिक, व्यावसायिक, परोपकारी काम गर्ने वा कुनै पेशागत हकहित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्धेश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनुपर्छ ।

(घ) "संघ" भन्नाले एकै प्रकृतिका उद्देश्यले स्थापित संस्थाहरु मिलेर स्थापित हुने संघलाई सम्झनुपर्छ ।

(ङ) "संस्था दर्ता अधिकारी" भन्नाले यस ऐन बमोजिम संस्था दर्ता गर्न तोकिएको अधिकारी सम्झनुपर्छ ।

(च) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ज) "स्थानीय प्रशासन" भन्नाले स्थानीय स्तरमा काम गर्ने गरी तोकिएको निकाय सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **संगठित संस्था मानिने:** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालीस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजूर लाग्नेछ।

## परिच्छेद - २

## संस्थाको दर्ता

४. **संस्था दर्ता गर्नुपर्ने:** (१) यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था संचालन गर्नु हुँदैन ।

(२) यस अघि दर्ता नभई स्थापना गरिएका संस्थाले यो ऐन बमोजिम दर्ता भै संस्था संचालन गर्नुपर्नेछ ।

(३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेश भित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नु परेमा यो ऐन बमोजिम दर्ता हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत हुँदा संस्थाको विधान, दर्ता प्रमाणपत्र समेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभाव समेत खुलाई सूचीकृत हुन आवेदन गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम सूचीकृत हुन आवेदन गरेमा स्थानीय तहले संस्थाको अभिलेख तोकिए बमोजिम राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको अभिलेख सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ । सो विवरण प्राप्त भएपछि मन्त्रालयले अभिलेखीकरण गराउनु पर्नेछ ।

५. **<u>संस्थाको स्थापना गर्ने आधारहरुः</u>** (१) संस्था दर्ता गर्न चाहने कुनै सातजना वा सोभन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्य,

(ग) तदर्थ समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले एक्काइस दिनभित्र त्यस्तो निर्णय उपर मन्त्रालयले तोकेको अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तूर तोकिए बमोजिम हुनेछ ।

६. **दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:** यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएको वा सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

७. **संस्थाको उद्देश्यमा हेरफेर:** (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुइ तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद - ३

## संस्थाको सम्पत्ति र आय व्यय

८. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी संस्था दर्ता अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले एक्काइस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध गैर कानूनी काम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा संस्था दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

९. **आय व्यायको विवरण पठाउनु पर्नेः** (१) प्रत्येक संस्थाले प्रत्येक वर्ष लेखा परिक्षण गराउनु पर्नेछ।

(२) प्रबन्ध समितिले आफ्नो संस्थाको आय व्ययको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र प्रत्येक वर्ष संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१०. **आय व्याय जाँच गर्नेः** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको आय व्यय आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आय व्यय जाँच गराए वापत तोकिए बमोजिम दस्तूर असूल गर्न सक्नेछ ।

(३) आय व्यय जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीले दिनु पर्नेछ।

(४) आय व्यय जाँच गर्ने अधिकृतले संस्था दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र आय व्यय जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(५) संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको प्रतिवेदनमा देखिएमा संस्था दर्ता अधिकारीले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानि असुल उपर गर्न कानून बमोजिम कारवाही चलाउन पर्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायलाई लेखि पठाउनु पर्नेछ।

## परिच्छेद - ४

## दण्ड सजाय र पुनरावेदन

**११.** **दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही दश हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम आय व्ययको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही एक हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गरेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम आय व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले दुई हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(४) दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी काम कारवाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालन नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम संस्था खारेज गर्नु अघि संस्था दर्ता अधिकारीले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

१२. **पुनरावेदनः** दफा ११ बमोजिम संस्था दर्ता अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद - ५

## विविध

१३. **संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व प्रदेश सरकारले व्यहोर्नेछ ।

१४. **निर्देशन दिने:** मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१५. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

१६. **संस्था दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि संस्था दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. **पुनः दर्ता हुनुपर्ने:** प्रचलित नेपाल कानून बमोजिम वा प्रदेश कानून बमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेश भित्रका कुनै पनि स्थानीय तहमा कार्यक्षेत्र बनाई काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐन बमोजिम दर्ता हुनुपर्नेछ ।

१८. **संस्थाको नविकरण:** संस्थाको नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **संस्था दर्ता अधिकारी र निकाय:** संस्था दर्ता, संचालन तथा नियमन गर्नको लागि सम्बन्धित प्रदेश मन्त्रालयको निजामति सेवाको कम्तिमा अधिकृत सातौं तहको कर्मचारीलाई संस्था दर्ता अधिकारी तोक्ने छ ।

२०. **बचाउ:** यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिने छन् ।

प्रमाणीकरण मितिः २०७६/०१/२४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय